**मिति २०७७ बैशाख ३१ गते बसेको ५८ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. बजेट कटौती तथा थप गर्ने सम्बन्धमा ।
२. विपद् व्यवस्थापन कोषमा रकम थप गर्ने सम्बन्धमा ।
३. योजनाहरुको सम्झौता अगाडी बढाउने सम्बन्धमा।
४. खोप सञ्चालन गर्ने सम्बन्धमा ।
५. वडा नं. ९ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
६. सडक निर्माण कार्यको भेरियसन सम्बन्धमा ।
७. प्रतिभा पुस्तकालय भवन निर्माण सम्बन्धमा ।
८. विपद् व्यवस्थापन समितिको प्रतिवेदन सम्बन्धमा ।
९. वडा नं. ९ स्वास्थ्य चौकी नजिक स्ल्याब राख्ने सम्बन्धमा ।
१०. वडा नं. ३ को ग्राभेलका लागि रकम सम्बन्धमा ।
११. बसपार्क टिकट काउण्टर सम्बन्धमा ।
१२. वडा नं. ११ र १२ को ढल निर्माण कार्यको रकम वडा नं. ११ लाई दिने सम्बन्धमा ।
१३. आर्थिक सहायता समबन्धमा ।
१४. "घ" वर्गको ईजाजत पत्र दिने सम्बन्धमा ।
१५. वडा नं. ६ को ग्राभेल सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** यस गोदावरी नगरपालिकाका वडा स्तरीय तथा नगर स्तरीय योजनाहरुको आवश्यकता अनुसार बजेट कटौती तथा अन्य योजनामा रकम थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :** यस गोदावरी नगरपालिकामा रहेको विपद् व्यवस्थापन कोषमा रकम रु. ५०,००,०००/- (रु. पचास लाख) र कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन कोषमा १ करोड ५० लाख थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** यस गोदावरी नगरपालिकाको वडा स्तरीय तथा नगर स्तरीय खानेपानी, तटबन्धन, सडक, ढल निकास कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.४ :** यस गोदावरी नगरपालिका क्षेत्र भित्र खोप सञ्चालन गर्नका लागि प्रत्येक खोप केन्द्रहरुमा खोप सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** यस गोदावरी नगरपालिका वडा नं ९ को वडा कार्यालय भवनको प्राविधिकबाट प्रतिवेदन पेश भए बमोजिम भेरियसन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :** यस गोदावरी नगरपालिका अर्न्तगतका देहाय बमोजिमका सडक निर्माणको प्राविधिकबाट प्रतिवेदन पेश भए बमोजिम भेरियसन गर्ने निर्णय गरियो ।

**देहाय :**

१. गो.न.पा. वडा नं. १ र ५ मा ठेक्का गरिएको कालोपत्र सडकहरुमा छुट हुन गएको Quantity प्राविधिकहरुबाट पेश भए बमोजिमको लागत अनुमान अनुसार निर्माण कार्य गराउने ।

**निर्णय नं.७ :** यस गोदावरी नगरपालिका वडा नं. १ मा रहेको प्रतिभा पुस्तकालयको भवन निर्माणका लागि रकम रु. ६,००,०००/- (छ लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** यस गोदावरी नगरपालिकाको विषयगत विपद् व्यवस्थापन समितिको प्रतिवेदन र कार्यालयका फायल अध्ययन गरी प्रतिवदेन पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं.९ :** यस गोदावरी नगरपालिका वडा नं. ९ मा रहेको स्वास्थ्य चौकीको पश्चिम पट्टी रहेको कल्भर्टमा ईष्टिमेट गरी स्ल्याब राख्ने निर्णय गरियो ।

**निर्णय नं.१० :** यस गोदावरी नगरपालिका वडा नं. ३ को ग्राभेल कार्यका लागि अन्य पूर्वाधार शिर्षकहरुबाट रु. ६ लाख मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११ :** यस गोदावरी नगरपालिका वडा नं. २ मा रहेको बसपार्क भित्र निर्माण भएको टिकट काउण्टरको थप कामको ल.ई. बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** यस अघि कार्यपालिका बैठकको निर्णयानुसार वडा नं. ११ र वडा नं. १२ को ढल सम्बन्धी कार्यमा विनियोजन गरिएको रकम रु. १०,००,०००/- वडा नं. ११ मा ढल निर्माण कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** यस गोदावरी नगरपालिकाको विपद व्यवस्थापन राहत र आर्थिक सहायता सम्बन्धी तपशिल बमोजिमको निर्णय गरियो ।
क) विपद् व्यवस्थापन तर्फ तत्काल राहत उपलब्ध गराउनुपर्ने अवस्था प्रमाणित भई आएमा नगर प्रमुख स्तरबाट रु. दश हजार उपलब्ध गराउने निर्णय गरियो ।
ख) यस गोदावरी नगरपालिका वडा नं. ९ बस्ने श्री चन्द्र वि.क.लाई आर्थिक सहायता रकम रु. २५,०००/- (पच्चीस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४ :** यस गोदावरी नगरपालिकाको “घ” वर्ग ईजाजत-पत्र जाँचबुझ समितिको सिफारिस अनुसार तपशिलका फर्महरुलाई “घ” वर्गको ईजाजत-पत्र दिने निर्णय गरियो ।
**तपशिल :**
क) सिताशक्ति विल्डर्स प्रा.लि. गो.न.पा. १, कैलाली ।
ख) अक्षय कन्स्ट्रक्सन प्रा.लि. गो.न.पा. ९, कैलाली ।

**निर्णय नं.१५ :** यस गोदावरी नगरपालिका वडा नं ६ को वडा स्तरको वार्षिक बजेटमा छुट्याईएको रकम वडा नं. ६ क्षेत्र भित्रका अन्य सडकहरुमा ग्राभेल कार्यका लागि रकम रु. ८५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।